# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७६।०५।१७ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको।

जिल्ला प्रहरी कार्यालय, कपिलवस्तुका प्रहरी नायब निरीक्षक सुरेश बहादुर थापा विरूद्ध विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ।

निज प्रहरी नायब निरीक्षक सुरेश बहादुर थापाको शैक्षिक योग्यताको प्रमाणपत्र नक्कली रहेको भन्ने व्यहोराको उजुरीउपर अनुसन्धान हुँदा निजले माध्यमिक शिक्षा परिषद्, क्षेत्रीय कार्यालय, वाराणसी, भारतबाट प्राप्त इन्टरमिडिएट तहको झुट्टा शैक्षिक योग्यताको प्रमाणपत्र प्रहरी सहायक निरीक्षकको पदमा बढुवा हुनु अगावै खुल्ला प्रतियोगिताको लागि लिएको परीक्षामा फर्म भर्न उक्त प्रमाणपत्र पेश गरी डोसियर बुकमा समेत उल्लेख गरेको देखिंदा निजको उक्त कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिमको कसुर गरेको पुष्टि हुन आएको हुँदा निज प्रहरी नायब निरीक्षक सुरेश बहादुर थापालाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र दफा २९ को उपदफा (२) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिमको सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ।

**(प्रदीपकुमार कोइराला)**
**प्रवक्ता**